# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

आ.व २०८२।०८३
च. नं:

रत्नगर नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,रत्ननगर,चितवनको
**दुग्ध संकलन केन्द्र निर्माण (चिलिङ्ग भ्याट खरिद तथा जडान समेत) कार्यक्रम सम्बन्धी सूचना !!!**
<u>दोस्रो पटक प्रकाशित मिति:२०८२।०९।२१ गते</u>

रत्नगर नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,रत्ननगर,चितवनको चालु आ.व. २०८२।०८३ को स्वीकृत बार्षिक कार्यक्रम संघीय सरकारबाट हस्तान्तरित (सर्शत अनुदान )अन्तर्गत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" बमोजिम दुग्ध संकलन केन्द्र निर्माण (चिलिङ्ग भ्याट खरिद तथा जडान समेत) कार्यक्रम सञ्चालनका लागि इच्छुक दुग्ध उत्पादक सहकारी संस्था.लि, दुग्ध उत्पादक संकलन केन्द्र, व्यवसायिक कृषक, निजि कृषि फर्म,उघमी ,समूह, सहकारीहरुले उल्लेखित म्यानुअलको अनुसूची -५ अनुसारको अनुदानका लागि आवेदन फारम सहित आवश्यक कागजातहरु संकलन राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०८२।०९।२७ गते ) भित्र यस कार्यालयमा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै,यस विषयमा थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

२०८२।९।२१

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

| क्र.स. | कार्यक्रमको शीर्षक | बजेट | न्यूनतम मापदण्ड | उपलब्ध हुने सेवा सुविधाहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | दुग्ध संकलन केन्द्र निर्माण (चिलिङ्ग भ्याट खरिद तथा जडान समेत) | २० लाख | दैनिक ५०० लि दुध संकलन | ५०% अनुदानमा | कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" बमोजिम |

# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


आवदेन /निवेदन साथ पेश गर्नुपर्ने अन्य कागजातहरु:

१.अनुसूची -६बमोजिमको ढाँचामा चिलिङ्ग भ्याट खरिद तथा जडान समेत मागका लागि आवेदन फारम अनुसूची -६ अनुसारको चिलिङ्ग भ्याट खरिद तथा जडान समेत मागको लागि आधारभुत तथ्याङ्क ।

२. सम्बन्धित निकायमा दुग्ध उत्पादक सहकारी संस्था.लि,दुग्ध संकलन केन्द्र दर्ता तथा नविकरण भएको प्रमाणप्रत्रको प्रतिलिपि,

३.पान नं. दर्ता प्रमाण-पत्रको प्रतिलिपि,

४.गत आर्थिक बर्षको करचुक्ता र गत आर्थिक बर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि

५.संस्थाको कार्य समितिको निर्णय प्रतिलिपि,

६.निर्माण कार्यको हकमा लागत इस्टमेट र मेशिनरिहरुको हकमा स्पेसिफिकेशाको प्रतिलिपि,

७.यसै प्रकृतिको कार्यका लागि विगत दुई (२) वर्ष देखि अनुदान नलिएको स्व- घोषणा पत्र,

८.सम्बंधित वडा कार्यालयको सिफारिस पत्र,

९.संस्था तथा केन्द्र सँग हाँल रहेका चिलिङ्ग भ्याट तथा उपकरणका फोटा,(नोट:आवश्यक प्रस्तावनाफारम रत्ननगर नगरपालिकाको कार्यालय र वेवसाइट www.ratnanagarmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

२०८२/०९/२९

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत


फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np